का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक ११२
❐ ३१ जेठ २०७७, शनिबार
❐ 13 June 2020, Saturday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: शुक्रबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | ५०६२ जना | ८७७ जना | १२१८६२ | ४१६९ | १६ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ७६ लाख ३६ हजार | ३८ लाख ६६ हजार | ४ लाख २५ हजार | ३३ लाख ४५ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# लकडाउन खुकुलो संक्रमण बढ्यो

## ■मृतकको संख्या १६ पुग्यो ■संक्रमित संख्या पाँच हजार नाघ्यो

**गएको चैत ११ गते देखि जारी लकडाउन शुक्रबार देखि खुकुलो बनेको छ । तर, शुक्रबार अहिलेसम्मकै उच्च संख्यामा संक्रमित पुष्टि हुँदै संक्रमित संख्या पाँच हजार नाघेको छ भने मृतक संख्या १६ पुगेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० जेठ ।

कोभिड-१९ को संक्रमणबाट शुक्रबार थप एक जनाको मृत्यु भएको छ । यो सँगै मृतक संख्या १६ पुगेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित पत्रकार सम्मेलन गर्दै शुक्रबार थप एक जनाको मृत्यु भएको जनाएको छ । नियमित पत्रकार सम्मेलनमा स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले अर्घाखाँची मालारानी गाउँपालिका-४ का ५७ वर्षका पुरुषको निधन भएको बताए ।

गत बुधबार लुम्बिनी अस्पताल बुटवलबाट उपचार गरी घर फर्कने क्रममा कोद्रे खोला नजिक उनको निधन भएको हो । १२ दिनअघि भारतको महाराष्ट्रबाट आई सोही ठाउँको सार्वजनिक आधारभूत माध्यमिक विद्यालयको क्वारेन्टिनमा ती संक्रमित बसेका थिए । क्वारेन्टिनमा बसेका बेला स्वास प्रस्वासमा समस्या आएपछि अस्पताल लगिएको थियो ।

मन्त्रालयका प्रवक्ता डा. गौतमले मृत्युपछि ती संक्रमितको प्रादेशिक प्रयोगशालामा गरिएको परीक्षणका क्रममा बिहीबार जेठ २९ गते कोभिड-१९ को संक्रमण देखिएको बताए ।



लकडाउनको समयावधिमा सुनसान देखिएको पाटन दरबार क्षेत्रमा अहिले चहलपहल शुरू भएको छ । सरकारले लकडाउनलाई केही खुकुलो बनाउने भएसँगै यहाँको जनजीवन सामान्य बन्दै गएको छ । तस्वीर : चन्द्रकला क्षेत्री, रासस

### संक्रमित पाँच हजार नाघ्यो

गएको माघ ९ गते पहिलो संक्रमण देखिएको नेपालमा जेठ महिनाभित्रै झण्डै पाँच हजार संक्रमित देखिएका छन् । शुक्रबार अहिलेसम्मकै उच्च संख्यामा संक्रमित पुष्टि भएको छ । शुक्रबार ४४८ जनामा संक्रमण पुष्टि भएको छ । शुक्रबार ४२४ जना पुरुष र २४ महिला संक्रमित भएका छन् । शुक्रबार एकै दिन पाँच हजार बढी संक्रमित भेटिए सँगै नेपालमा संक्रमित संख्या पाँच हजार नाघेको छ । शुक्रबार स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार, पाँच हजार ६२ जनामा संक्रमण पुष्टि भएको छ ।


संक्रमित मध्ये निको भएर घर फर्कनेको संख्या ८७७ जना पुगेको छ । आइसोलेसनमा बस्नेको संख्या चार हजार १६९ जना पुगेको छ । देशका एक लाख १७ हजार क्वारेन्टिनमा बस्नेको संख्या एक लाख ५८ हजार ५० बाँकी पृष्ठ २ मा

# संविधान संशोधन हुँदै जुट्यो सर्वसहमति

## ■जसपाले संशोधनको पक्षमा मतदान गर्ने

**जनता समाजवादी पार्टीले पनि संविधान संशोधनको पक्षमा निर्णय गर्ने भएकाले प्रतिनिधिसभाको सर्वसहमतिबाट आज संविधान संशोधन हुने निश्चित भएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० जेठ ।




जनता समाजवादी पार्टी (जसपा) ले संविधान संशोधनको पक्षमा मतदान गर्ने निर्णय गरेको छ । पार्टी अध्यक्ष द्वय महन्थ ठाकुर र उपेन्द्र यादव सहित शीर्ष नेताहरुको बैठकले नयाँ नक्सा समेटेर जारी गरिने संविधान संशोधनको पक्षमा मतदान गर्ने निर्णय गरेको हो । संशोधन प्रस्तावमाथिको सैद्धान्तिक सहमति पारित गर्दा पनि सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा), प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस, जनता समाजवादी पार्टी, राप्रपा, राष्ट्रिय जनमोर्चाका सांसदहरुको एकमतले पारित गरेको थियो ।

सैद्धान्तिक प्रस्ताव सर्वसहमतिले पारित भएको संविधान संशोधन विधेयक-२०७७ (दोस्रो संशोधन) निर्णयार्थ आज प्रस्तुत गरिदैछ । यसअघि सत्तारुढले कुनै औपचारिक निर्णय गरेको छैन तर, विपक्षी दल काँग्रेसले भने केन्द्रीय कार्य समितिको बैठकबाट संशोधनको पक्षमा मतदान गर्ने निर्णय गरिसकेको छ । जसपाले भने कुनै निर्णय गरेको थिएन । उल्टै, उक्त दलका सांसद सरिता गिरीले संशोधन विधेयक खारेजीको माग गर्दै संशोधन प्रस्ताव दर्ता गराएकी छन् ।

गिरीलाई जसपाले विधेयक फिर्ता लिन निर्देशन दिएको छ । आज दिउँसो १ बजे बोलाइएको प्रतिनिधिसभा बैठकमा संविधान संशोधन प्रस्ताव मात्रै कार्यसूचीमा राखिएको छ । जेठ १५ गते आएको बजेट कार्यान्वयन सँग सम्बन्धित विधेयकहरु समेत छलफलमा राखिएको छैन । संभावित कार्यसूचीमा संविधान संशोधन विधेयक मात्रै संसद सचिवालयले राखेको छ । भारत सरकारले नेपालको भूमि अतिक्रमण गरी चीनको मानसरोवर जोड्ने सडक उद्घाटन गरेपछि नेपाल सरकारले लिम्पियाधुरा सहित समेटेर नयाँ नक्सा जारी गरेको छ ।

गएको जेठ ६ गतेको मन्त्रिपरिषदले पारित गरेको नयाँ नक्सा संविधानको अनुसूची-३ मा रहेको निशाना छापमा परिवर्तन गर्न संविधान संशोधन गरिदैछ । बर्षौ देखि विवादित रहेको भूमि समेटेर संविधान संशोधन हुन लागेकाले सरकारले आज दीपावली गर्न आह्वान गर्ने निर्णय गरेको छ । अतिक्रमित भूमि समेटेर जारी नक्सा संविधानमै उल्लेख भएको खुशियालीमा दीपावली गर्नुपर्ने प्रधानमन्त्री केपी शर्मा ओलीले यसअगाडि नै आह्वान गरेका थिए ।

# फैलिंदै प्रदर्शन

**क्वारेन्टिनमा रहेका सबैको पीसीआर प्रणालीबाट परीक्षण गराउनुपर्ने, कोभिड महामारीका बेला खर्च भएको भनिएको दश अर्बको हिसाब सार्वजनिक गर्नुपर्ने गरी शुरू भएको आन्दोलन देशव्यापी बन्दै गएको छ ।**



**मध्यान्ह संवाददता**
काठमाडौं, ३० जेठ ।

केही दिन अगाडि राजधानी उपत्यकाबाट शुरु भएको सरकार विरोधी आन्दोलन देशब्यापी बन्दै गएको छ । बालुवाटार अगाडि भएको प्रदर्शनमाथि प्रहरीले हस्तक्षेप गरेपछि आन्दोलन देशब्यापी बन्दै गएको छ । स्वत:स्फूर्त युवाहरुले गरिरहेको प्रदर्शनमा क्वारेन्टिनमा रहेका सबैको पीसीआर प्रणालीबाट परीक्षण गराउनुपर्ने, कोभिड महामारीका बेला खर्च भएको भनिएको दश अर्बको हिसाब सार्वजनिक गर्नुपर्ने, अमेरिकन परियोजना एमसीसी खारेज गरिनुपर्ने लगायत माग राखेका छन् ।

प्रहरीका अनुसार, राजधानी उपत्यकाका काठमाडौं, भक्तपुर र ललितपुरमा प्रदर्शन भएको छ । यसबाहेक रुपन्देही, कास्की, हेटौडा लगायत ठूला शहरहरुमा पनि प्रदर्शन भइरहेको छ ।

सरकारले दिएको कडा चेतावनी उल्लङ्घन गरी देशब्यापी प्रदर्शन भइरहेको छ । देशभर सरकार विरोधी आन्दोलन शुरु भएपछि बिहीबार मात्रै गृह प्रशासनले कडा चेतावनी दिएको थियो । संक्रामक रोग ऐनलाई आवरणमा देखाएर कडा चेतावनी दिएको हो । बिहीबार विज्ञप्ति जारी गर्दै गृह प्रशासनले बन्दाबन्दीको आदेशको अवहेलना हुने गरी देखाइएको प्रवृत्तिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको थियो ।

केही दिन अगाडिदेखि विभिन्न बहाना र माग राखेर अनावश्यक भीडभाड भइरहेको भन्दै त्यस्तो काम रोक्न मन्त्रालयले आग्रह गरेको छ । मन्त्रालयले नेपाल सरकारबाट जारी आदेशको अवहेलना गर्ने वा काममा बाधा पुऱ्याउने जो कोहीलाई पनि प्रमुख जिल्ला अधिकारीले ऐनले दिएको अधिकार प्रयोग गरी कारवाही गर्न सक्ने अधिकार दिएको छ ।

बन्दाबन्दीको आदेशको अवहेलना गर्नेलाई संक्रामक रोग ऐन, २०२० को दफा ३ को सजायअन्तर्गत सम्बन्धित प्रमुख जिल्ला अधिकारीले रु १०० देखि ६०० सम्म जरिवाना र एक महिना देखि छ महिनासम्म बाँकी पृष्ठ २ मा

# ‘दश अर्ब’मा परेन कामदारको ‘उद्धार’

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० जेठ

मुलुकभित्र कोरोना भाइरस (कोभिड-१९) को रोकथाम ,उपचार तथा नियन्त्रणका लागि दश अर्ब खर्च गरेको सरकारले सोही महामारीका कारण रोजगारी गुमाई स्वदेश फर्किन वाध्य कामदारहरुलाई कुनै सहयोग दिन चाहेको छैन ।

विदेशी भूमीमा रोजगारी गुमाएर अलपत्र भई स्वदेश फकिन चर्को हवाई भाडाको मारमा परेका कामदारहरुले विदेशमा हुने कोभिड परीक्षण देखि स्वदेशको क्वारेन्टाइन र स्थायी ठेगानासम्म पुग्न लाग्ने खर्चसमेत आफै व्यहोर्नु परेको छ । यसले वैदेशिक रोजगारीमा जाने कामदारले श्रम स्वीकृति अघि बैदेशिक रोजगार कल्याणकारी कोषमा जम्मा गरेको रकम के का लागि भन्ने प्रश्न उठेको कतिपयको टिप्पणी छ ।

चार्टर फ्लाइटका नाममा असुलिएको चर्को हवाई भाडाको गैरआवासीय नेपाली तथा सरोकारवाला कामदाहरुले चर्को विरोध गरेका छन् । मलेसियामा कृयाशिल नेपालीका दुई दर्जन संघसस्थाहरुले सामुहिक रुपमा ध्यानाकर्षण भएको भन्दै जथाभावी हवाईभाडा असुल्दा संकटमा रहेका कामदारहरुमाथि ठूलो अन्याय भएको समेत उल्लेख गरेका छन् । उनीहरुले तिन महिनादेखि कोरोना भाइरसको महामारीबाट पीडित प्रवासी नेपालीहरुको उद्धारका लागि उडानहरु शुरु गर्ने काम राम्रो भए पनि अति महंगोमा आफै हवाई टिकट काटी जानु पर्ने बाध्यताले उद्धारको वहानामा अलपत्र कामदारमाथि व्यापार भएको उल्लेख गरेका छन् ।

१४ देखि १५ हजार रुपैयाँसम्म हजाज भाडा पर्ने मलेसियामा व्यवसायिक उडान शुरु नहुँदा एकतर्फी चार्टर फ्लाइटका लागि ६३ हजार ८ रुयैयाँ ४ पैसा तोकिएको सार्वजनिक भएको छ । त्यसप्रति इंगितगर्दै उनीहरुले भनेका छन्, ‘नेपाल सरकारले निर्धारण गरेको भाडा, पिसिआर टेष्ट, क्वारेन्टाइन खर्च सबै जोड्दा १ लाख १५ हजार नेपाली हुन आउँछ, यो प्रवासमा भोकले छट्पट्टी रहेका नेपालीमाथि चर्को मूल्य निर्धारण गरेर सरकारले नागरिकलाई उद्धार होईन आत्महत्या गर्न बाध्य हुने परिस्थिति सिर्जना गरेको प्रति हाम्रो आपत्ति रहेको छ ।’

उनीहरुले लकडाउन सुरु हुनु अगाडि नै टिकट काटेर जान नपाएकाहरुको लागी केहि दिनको लागि भए पनि व्यवसायिक फ्लाइट सुचारु गर्न आग्रह गरेका छन् । गम्भीर प्रकारका विरामी, उपचाररत विरामी र विभिन्न कारण जीवन गुमाएका तर शव नेपाल फिर्ता हुन बाँकी शवलाई विशेष प्राथमिकतामाराखि अवस्था हेरि नि:शुल्क स्वदेश फिर्ता गराउने वातावरण बनाउन पनि उनीहरुको माग छ ।

यसरी मागगर्ने संस्थाहरुमा गैर आवासीय नेपाली संघ, जनसम्पर्क समिति, जन उद्धार केन्द्र, नेपाल, आदिवासी जनजाति महासंघ, नेपाली मजदुर एकता समाज, नेपाली व्यवसायी समाज, नेपाली समाज रहेका छन् ।

त्यसैगरी प्रवासी नेपाली एकता समाज,नेपाल तामाङ घेदुङ, नेपाल मगर संघ, किरात राई यायोक्खा, थारु सेवा समाज, नेपाल तामाङ कलाकार संघ, साहित्यिक चौतारी नेपाल, उदाउँदो तारा साहित्य समाज पेनाङ्ग, नेपाली कलाकार संघ, अपन मिथिला सेवा समाज, किराँत याक्थुङ चुम्लुङ, सुदुर पश्चिमेली नेपाली समाज, फोनिज मलेसिया,क्लान एसोसिएसन, पिएनसिसी, वैदेशिक रोजगार व्यवसायी संघ, मलेसिया, नेपाल तमू समाजले बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### ९ बालबालिकासहित कुवेतबाट फर्किए १४० महिला

**काठमाडौं, मस**–आममाफी पाएर कुवेती क्याम्पमा बसेका मध्ये शुक्रवार १ सय ४९ जना नेपाल फर्किएका छन् । जजिरा एअरलाइन्समार्फत शुक्रवार एक सय ४० जना महिला र १२ वर्ष मुनिका ९ बालबालिका नेपाल अवतरण गरेका हुन् । उनीहरुलाई कुवेतले आफ्नै खर्चमा नेपालसम्म ल्याइदिएको हो । कुवेतले कोरोना भाइरसको संक्रमण बढेपछि गत अप्रिल महिनामा नेपालसहित विभिन्न देशका गैर कानूनी रुपमा बसेका नागरिकहरुलाई आ-आफ्नो मुलुकमा फर्कन आममाफीको कार्यक्रममा सार्वजनिक गरेको थियो । त्यसमा सहभागी भएका २ हजार ९ सय ९१ जना नेपालीले कुनै शुल्क नतिरी कुवेत सरकारको हवाई टिकटमा घर फर्किन पाएका छन् । सोही समुहका बिहीबार २ सय ९९ जना महिला स्वदेश फर्किएका थिए । कुवेतले आममाफीमा सहभागी भएकालाई आफ्नै खर्चमा सेल्टरमा राखेको थियो भने फर्काइएका नेपालीको कोरोना परीक्षण पनि नि:शुल्क गरिदिएको छ । तर नेपाल फर्किएपछि पिउने पानीदेखि आवश्यक व्यवस्था कामदार आफैले गरिरहनु परेको छ ।

# पिसिआर परीक्षण गर्न २० निजी प्रयोगशाला इच्छुक




**काठमाडौं, रासस**-कोरोना भाइरस (कोभिड-१९)को पिसिआर परीक्षणका लागि निजी क्षेत्रका २० प्रयोगशाला र अस्पतालले इच्छा देखाएका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले परीक्षणका लागि इच्छुक निजी प्रयोगशालालाई प्रस्ताव आह्वान गरेकामा ती मध्ये पिसिआर मेसिन भएका नौवटा प्रयोगशालाले आशयसहितको पत्र पठाएका प्रयोगशालाकी निर्देशक डा रुना झाले जानकारी दिइन् ।

प्रस्ताव पेश गरेका अन्य ११ प्रयोगशाला र अस्पताल पनि रहेका छन् । उनीहरूले आफूसँग अहिल्यै पिसिआर मेसिन नभए पनि परीक्षणको अनुमति पाए, एक महिनाभित्र पिसिआर मेसिन किन्ने र दुई महिनाभित्र परीक्षण शुरु गर्ने प्रस्ताव पेश गरेको प्रयोगशालाका सूचना अधिकारी राजेशकुमार गुप्ताले जानकारी दिए ।

प्रयोगशालाका निर्देशक डा झाका अनुसार नौ प्रयोगशालामध्ये तीन प्रयोगशालाले आफूसँग परीक्षणका लागि आवश्यक किटसमेत रहेकाले अहिले नै परीक्षण गर्न सक्ने जनाएका छन् भने अन्य ६ वटा प्रयोगशालाले परीक्षण गर्न पाउने भए आफूले किट खरिद गर्ने प्रस्तावमा पेश गरेको बताए ।

प्रयोगशालाले गत जेठ २२ गते सूचना प्रकाशित गरी सात दिनभित्र कोभिड-१९ परीक्षणका लागि इच्छुक दर्तावाला प्रयोगशालालाई आफूसँग भएको क्षमता खुलाई प्रस्ताव आह्वान गरेको थियो । बिहीबार जेठ २९ गतेभित्र प्रस्ताव आह्वानअनुसार निजी प्रयोगशालाले प्रस्ताव पेश गरेका थिए ।

'हामीले प्रस्ताव गरेअनुसारको प्रयोगशालाले कोभिड-१९ परीक्षणका लागि इच्छुक देखाएका छन्" निर्देशक डा झाले भनिन्, 'हामीले प्रस्ताव हेरेर ती प्रयोगशालालाई चाँडै नै परीक्षणको अनुमति दिन्छौं ।'

प्रयोगशालामा प्रस्ताव पेश गरेका प्रयोगशालालाई परीक्षणको अनुमति दिएपछि कोभिड-१९ को परीक्षण गराउन चाहनेले सर्वसाधारणले आफैं शुल्क तिरेर परीक्षण गराउन सक्ने छन् । अहिले सरकार मातहतका प्रयोगशालाले मात्र निःशुल्क परीक्षण गरिरहेका छन् । कोभिड-१९ को परीक्षणको दायरा बढाउन मन्त्रालयले निजीलाई समेत कोभिड-१९ को पिसिआर विधिबाट परीक्षण दिने निर्णय गरेको थियो ।

प्रयोगशालालाई मन्त्रालयको स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रले यही जेठ २० गते कोभिड-१९ को परीक्षणको क्षमता बढाउन निजी क्षेत्रसँगको सहकार्यलाई अगाडि बढाउने सन्दर्भमा थप छलफल गरी यथाशीघ्र मोलाडिटी तयार गर्ने भनेर निर्देशनसमेत दिएको थियो । अहिले मुलुकभरि २१ वटा प्रयोगशालाबाट पिसिआर प्रविधिबाट परीक्षण हुँदै आएको छ ।

प्रयोगशालाकी निर्देशक डा झाले मन्त्रालयले मापदण्ड बनाएपछि ती प्रयोगशालाले परीक्षण गर्ने अनुमति दिने बताए ।

अहिलेसम्म दैनिक एक लाख १५ हजार ९३७ पिसिआर र एक लाख ७८ हजार १४३ जनाको आरडिटी परीक्षण गरिएको छ । दैनिक २१ वटा ठाउँबाट करिब पाँच हजार परीक्षण हुँदै आएको छ। बिहीबार पाँच हजार १९३ जनाको पिसिआर परीक्षण गरिएको थियो ।

उपत्यकामा जनस्वास्थ्य प्रयोगशालासहित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट परीक्षण भइरहेको छ ।

मन्त्रालयका प्रवक्ता डा समिरकुमार अधिकारीले पिसिआर परीक्षणका लागि निजीलाई पनि दिइने सैद्धान्तिक निर्णय गरे तापनि के कसरी, कति शुल्कमा गर्ने भन्नेबारे मापदण्ड बनाइरहेको बताए ।

# सशस्त्र प्रहरीद्वारा अवैध सामान नियन्त्रण

**सहबान अन्सारी / मध्यान्ह**
नवलपरासी, ३० जेठ



नवलपरासीको सीमानाकाबाट अवैधरुपमा ल्याउदै गरेको करिब ३ लाख २५ हजार बराबरको बिभिन्न सामानहरु सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ । मंगलवार राति प्रतापपुर गाउँपालिका वडा नं ५ धरमौलीमा भारतबाट अबैधरुपमा चोरी पैठारी गरी ल्याउदै गरेको करिब १ लाख ५० हजार बरारबरको कपडा बरामद गरेको हो ।

त्यसैगरी बुधवार सुस्ता गाउँपालिका वडा नं. ५ बनकट्टीमा अबैधरुपमा ल्याउदै करिब १ लाख ७५ हजार बराबरको मल, औषधिलगायत बिभिन्न सामानहरु नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट गुठी परसौनीका सशस्त्र प्रहरी निरीक्षक सुमन अधिकारीले जानकारी दिए ।

लकडाउनको समयमा तस्करी बढ्दै गएपछि सशस्त्र प्रहरीले सक्रियता देखाउदै आएको छ । नियन्त्रणमा लिइएको उक्त सामानहरु आवश्यक कारवाहीको लागी भन्सार कार्यालय महेशपुर पठाइएको सशस्त्र प्रहरीले जनाएको छ। जिल्लाका सबै सीमानाकाहरुमा सिीमा सुरक्षाका साथै कोरोना रोकथाम तथा नियन्त्रणका लागि ब्यापकरुपमा सुरक्षाकर्मी परिचालन गरी मानिसहरुलाई आवत जावतमा पूर्णरुपमा रोक लगाइएको छ ।

# नेपाल-इजरायल कोरोना परामर्श समिति गठन



**काठमाडौं, मस**-कोभिड-१९ को उपचारसम्बन्धी ज्ञान र अनुभव आदान प्रदान गर्न नेपाल-इजरायल केरोना योजना (एनआइसीआई) गठन भएको छ । यही जेठ १३ गते इजरायलस्थित नेपाली राजदूतावासको संयोजनमा दुईदेशका चिकित्सकबीच नेपालमा बढ्दै गएको कोरोना सङ्क्रमण नियन्त्रण र न्यूनीकरणका लागि इजरायलले प्राप्त गरेका अनुभव र सफलताका विषय आदन-प्रदानका लागि भर्चुअल संवाद भएको थियो ।

संवादका आधारमा कोरानाको महामारीबाट उत्पन्न प्रभाव कम गर्न र आवश्यक मेडिकल व्यवस्थापनका लागि एनआइसीआई गठन भएको इजरायलका लागि नेपाली राजदूत डा अन्जान शाक्यले जानकारी दिइन् । दुवै देशका आ-आफ्ना विशेषज्ञसहितको समितिले उपचार र व्यवस्थापनबारे परामर्श गर्नेछन् । नेपाल पक्षको संयोजकमा काठमाडौं विश्वविद्यालयका डा विराज कर्माचार्य रहेका छन् ।

राजदूत शाक्यले भनिन्, 'इजरायल कोरोना नियन्त्रणमा सफल देखिएको सन्दर्भमा अत्याधुनिक प्रविधि, ज्ञान र अनुभवबाट नेपाल लाभान्वित हुनसक्ने अपेक्षा हामीले लिएका छौं ।' उनका अनुसार सो समितिमा नेपालका तर्फबाट स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंह, नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा भगवान् कोइराला, स्वास्थ्य सेवा विभागका निर्देशक तारानाथ पोखरेल, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखाका प्रतिनिधि, स्वास्थ्य सेवा विभागकी निर्देशक रोशनी लक्ष्मी तुइतुइ, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा रुना झा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका वरिष्ठ स्वास्थ्य प्रशासक डा गुणनिधि शर्मा, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका डा अनुप बाँस्तोला, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक, भीमप्रसाद सापकोटा, नेपाल सशस्त्र प्रहरी अस्पतालका डा शैलेन्द्र श्रेष्ठ, नेपाल सैनिक अस्पतालका डा अरुण न्यौपाने र डा सुशील रावल, नेपाल प्रहरी अस्पतालका डा आशिष दत्त, पाटन अस्पतालमा डा आशिष श्रेष्ठ, त्रिवि शिक्षण अस्पताल महाराजगञ्जका डा सन्तकुमार दास छन् ।

दुईदेशबीचको दौत्य सम्बन्ध अझ प्रगाढ बनाइराख्न इजरायलको प्रविधि, कृषि, स्वास्थ्यजस्ता क्षेत्रमा नेपाललाई सहयोग गर्ने सम्बन्धमा विभिन्न सम्झौताहरू सम्पन्न भइसकेको छ । ती सम्झौता कोरोनाको महामारी न्यून भएपछि कार्यान्वयन हुनेगरी अघि बढाइने जनाइएको छ ।

# डोटीका पहिलो कोरोना सङ्क्रमित 'डिस्चार्ज'




**डोटी, रासस**- जिल्लाको पहिलो कोरोना सङ्क्रमित अस्पतालबाट डिस्चार्ज भइ घरफर्किएका छन् । भारतबाट फर्किएका जिल्लाको शिखर नगरपालिका वडा नं ३ का २५ वर्षीय युवक १५ दिन जिल्ला अस्पताल डोटीको आइसोलेशन वार्ड रही कोरोनालाई जितेर बिहीबार घर फर्किएको अस्पतालले जनाएको छ ।

अहिले ती युवकलाई कोरोनाको कुनै लक्षण नदेखिएपछि डिस्चार्ज गरिएको अस्पतालका प्रमुख तथा निमित्त मेडिकल सुपरीटेन्डेन्ट डा ज्योति पाण्डेले बताए । उनले भने, 'सङ्क्रमित युवकलाई हामीले १५ दिन आइसोलेशन वार्डमा राखेका थियौं, उहाँमा कोरोनाको थप कुनै लक्षण नदेखिएपछि 'आइसोलेशन व्यवस्थापनसम्बन्धी राष्ट्रिय निर्देशिका' अनुसार डिस्चार्ज गरेका छौं ।'

सङ्क्रमित युवकलाई यही जेठ १९ गते कोरोनाको सङ्क्रमण पुष्टि भएको थियो । त्यसअघि उनका छोरामा स्वास्थ्य समस्या देखिएपछि श्रीमती र छोरासहित जिल्ला अस्पताल डोटीको आइसोलेशनमा राखेर 'थ्रोट स्वाब' लिएर पिसिआर परीक्षण गरिएको थियो । दुवैको नतिजा नेगेटिभ देखिएको थियो । डोटीका थप पाँचजना अन्य सङ्क्रमित आइसोलेशनमा राखिएको छ ।

# लकडाउनमा पनि मालिका गाउँपालिकाले दियो अढाई सय जनालाई रोजगार

**सुमन महतारा/मध्यान्ह**
काठमाडौं, ३० जेठ



गुल्मीजिल्लाको मालिका गाउँपालिकाले लकडाउनको समयमा पनि करिव अढाई सय युवाहरुलाई रोजगार दिएको छ । चालु आ.व २०७६-०७७ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २३९ जनालाई काम दिएको हो । विनियेजित रकमबाट कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनामा गाउँपालिकाले पालिकाका ८ वटै वडाका जम्मा २३९ जना व्यक्तिलाई रोजगार दिएको गाउँपालिका रोजगार संयोजक खेमराज गैरेले जानकारी दिए ।

रोजगार दिएका व्यक्तिले स्थानीय तहमा रहेको गोरेटो बाटो, मोटरबाटो मर्मत गर्ने काम गरेको संयोजक गैरेले बताए । पहिला पनि यो कार्यक्रम सञ्चालित थियो तर त्यति प्रभावकारि नभएको र यस समयमा गाउँ कार्यपालिकाको निर्णयले प्रत्येक व्यक्तिबीच सामाजिक दूरी कायम गरि काम गरेको र बिपत्तिको यो समयमा धेरै बेरोजगार भएको अवस्थामा केही व्यक्तिलाई भए पनि रोजगारि दिई बेरोजगारी समस्यामा पिरोलिएका युवाहरुलाई मल्हम लगाउन सहयोग पुगेको उनले बताए ।

उता गाउँपालिकाका अध्यक्ष रित बहादुर थापाले विश्व नै आक्रान्त हुने गरि फैलिएको कोरोना भाइरस महामारीको संक्रमण रोक्नको लागि जारि भएको लकडाउन पालना गरि प्रत्येक व्यक्तिबीच सामाजिक दुरि कायम गरि काम गर्नसमेत आग्रह गरेका छन् ।

काम गर्ने प्रत्येक व्यक्तिले हरेक दिन पाँच सय १७ रुपैयाँको दरले मासिक पन्ध्र हजार पाँच सय दस पाउने छन् । जसमा नेपाल सरकारले १ प्रतिशत कर कट्टि गर्ने जनाइएको छ ।

# कान्तिमा ओपिडीको टिकट लिन लाइन बस्न नपर्ने



**काठमाडौं, एजेन्सी**-कान्ति बाल अस्पतालले ओपिडीको टिकट अब घरबाटै लिन मिल्ने गरी एप्सको विकास गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भानुभक्त ढकालले मन्त्रालयमा शुक्रबार आयोजित कार्यक्रममा सो एप्सको शुभारम्भ गर्दै यसबाट उपभोक्तको समयको बचत हुनाका साथै उपचार प्रक्रियासमेत सहज हुने बताए । एप्सको प्रयोग गरि एसँगै न्यून जनशक्तिका भरमा काम गर्न सजिलो हुने उनले उल्लेख गरे । 'घण्टौं लाइनमा बस्नुपर्थ्यो, अब यसले त्यो समस्या हटाउने निश्चित छ', उनले भने, 'यो सेवा चर्चा पाउनेसम्मका लागि सीमित बन्नु हुँदैन, यो सेवालाई निरन्तरता दिनसक्नु पर्छ ।' अस्पतालमा लाग्ने भीडलाई व्यवस्थित गर्न प्रयोग गरिँदै आएको जनशक्तिलाई अब अन्य काममा लगाउन सकिने उनको भनाइ थियो ।

स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री नवराज राउतले विस्तारै सवै सेवा प्रविधिको प्रयोग गरी गर्नुपर्नेमा जोड दिए । उपभोक्ताले पनि सकभर प्रविधिको प्रयोगमा ध्यान दिनुपर्ने उनको भनाइ थियो । सो मन्त्रालयका सचिव लक्ष्मण अर्यालले एप्सको प्रयोगबाट कोरोना भाइरसको नियन्त्रण तथा रोकथाममा मद्दत पुग्ने विश्वास व्यक्त गरे । एप्स ल्याइसकेपछि सर्वसाधारणलाई यसको प्रयोगबारे नियमितरूपमा जानकारी गराउनुपर्नेमा उनले जोड दिए ।

सो अवसरमा कान्ति बाल अस्पतालका निर्देशक डा कृष्णप्रसाद पौडेलले एप्सको प्रयोग तथा अस्पतालको अवस्थाबारे जानकारी गराएका थिए । उनका अनुसार घरबाटै एप्सको प्रयोग गरी टिकट लिन सक्ने तथा सोझै अस्पताल पुगी चिकित्सककहाँ गएर अभिभावकले आफ्ना बालबालिकाको उपचार गराउन सकिने बताए । उपभोक्ताले सो एप्समार्फत दैनिक बिहान ९ बजेदेखि दिउँसो १ बजेसम्म टिकट घरबाटै काट्न सक्नेछन् । यसका लागि दर्ता शुल्क ५० लाग्ने व्यवस्था गरिएको छ । यसमा उपभोक्ताले वर्षभरि अस्पतालबाट सेवा लिन सक्ने व्यवस्था गरिएको छ ।

# तनहुँका स्थानीय तहले संयुक्त लगानीमा 'पिसिआर' खरिद गर्दै

**दमौली, मस**-तनहुँ जिल्लाका स्थानीय तहको संयुक्त लगानीमा कोरोना परीक्षणका लागि पिसिआर उपकरण खरिद गरिने भएको छ । कोभिड-१९ को नियन्त्रण, उपचार तथा व्यवस्थापन गर्ने क्रममा क्वारेन्टिनमा रहेका व्यक्तिको पिसिआर परीक्षणमा ढिलाइ भएपछि जिल्लाका स्थानीय तहले सो उपकरण खरिद गर्न लागेका हुन् ।

बिहीबार बसेको स्थानीय तहका प्रमुखसहितको बैठकले सो उपकरणसहितको पूर्वाधार निर्माण गर्न एक करोड बजेट विनियोजन गर्ने र उक्त बजेट स्थानीय तहबाट खर्च व्यहोर्ने निर्णय भएको छ । जिल्ला समन्वय समिति (जिसस) तनहुँका प्रमुख शान्तिरमण वाग्लेका अनुसार उक्त कार्यका लागि शुक्लागण्डकी नगरपालिकाले १४, व्यास नगरपालिकाले १२, भीमाद नगरपालिकाले१२, भानु नगरपालिकाले १२, म्याग्दे गाउँपालिकाले नौ, आँबुखैरेनी गाउँपालिकाले नौ, ऋषिङ गाउँपालिकाले नौ, घिरिङ गाउँपालिकाले नौ र देवघाट गाउँपालिकाले पाँच प्रतिशत बजेट व्यहोर्ने निर्णय गरिएको छ ।

## लकडाउन....

जना पुगेको छ । देशभर क्वारेन्टिनमा रहेकाहरुलाई पीसीआर परीक्षण गराउनुपर्ने माग सहित प्रदर्शन भइरहेको छ । एक लाख २१ हजार ८६२ जनालाई परीक्षण गराएको सरकारले क्वारेन्टिनमा रहेका सबैलाई परीक्षण नगराउने निर्णय गरेको छ । आरटीडीबाट एक लाख ८८ हजार ५२ जनाको परीक्षण गराएको छ ।

**कर्णालीमा ४१ हजार फर्किए**

रोजगारीको सिलसिलामा भारत गएका कर्णालीका ४१ हजारभन्दा बढी नागरिक स्वदेश फर्केका छन् । वैशाख महिनासम्म दुई हजार ४०० नागरिक बबई नाकाबाट कर्णालीमा प्रवेश गरेकामा जेठ महिनामा त्यो सङ्ख्या १९औं गुणाले बढेर आयो । जेठ ६ गतेदेखि दैनिक हजारौं मान्छे आउने क्रम निर्वाध चलेपछि यो महिनाको २९ गतेसम्म ३८ हजार ७१२ नागरिक कर्णाली भित्रिएको कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयका सूचना अधिकारी कृष्णबहादुर रोकायले जानकारी दिए ।

"कर्णाली भित्रिनेमा सबैभन्दा बढी नागरिक दैलेखका करिब १४ हजार र दोस्रोमा सुर्खेतका ११ हजार २४२ नागरिक रहेका छन्" उनले भने, "त्यस्तै, कालीकोटका पाँच हजार, जाजरकोटका तीन हजार ५२१, सल्यानका तीन हजार ५१८, रुकुमपश्चिमका एक हजार ४४७, मुगुका एक हजार ३५०, जुम्लाका एक हजार २५७ र हुम्लाका २७५ नागरिक कर्णाली प्रवेश गरेका छन् ।" डोल्पा जिल्लामा भने भारतबाट आउनेको सङ्ख्या शून्य रहेको उनले बताए ।

भारतबाट ४१ हजारभन्दा बढी नागरिक कर्णाली भित्रिए पनि अझै आउने क्रम रोकिएको छैन । जेठको १५ देखि २९ गतेसम्म २८ हजार २६४ नागरिक कर्णाली भित्रिएको रेडक्रस जिल्ला शाखा सुर्खेतका सभापति नरहरि रेग्मीले जानकारी दिए । "हामीले यो अवधिमा भारतबाट आएका २५ हजार ४६० नागरिकलाई खाना, पानी र २८ हजार २६४ लाई सुर्खेतको छिन्चुमा पानी उपलब्ध गराएका छौं" सभापति रेग्मीले भने, "यो सेवामा कोपिला भ्याली सेवा समाज, लायन्स क्लब, जेसिस सुर्खेत, युनिसेफ, विश्व खाद्य, सङ्गठन र उद्योग वाणिज्य संघको पनि सहयोग रहेको छ ।"

## दश....

पनि हवाई भाडा घटाउन माग गरेका छन् ।

कोरोनाको कहरका कारण वाध्यतावश स्वदेश फर्किन थालेका कामदारहरुसंग चार्टर फ्लाइटका नाममा सामान्य अवस्थाको तुलनामा चार दोब्बरबढी भाडा असुल्न थालिएको भन्दै उनीहरुले त्यसमा छानवनिको समेत माग गरेका छन् । नेपालबाट उडान हुने चार्टर फ्लाइटमा भएको भनिएको यस्तै महंगो भाडाका वारेमा छानविन शुरु गरेको सरकारले विदेशबाट आउने फ्लाइटको अस्वभाविक भाडावारे भने केही गरेको छैन ।

सरकारले आगामी आइतवारदेखि असार १४ गतेसम्ममा विदेशमा समस्यामा परेका करिब २५ हजार नेपाललीलाई उद्धार गरेर नेपाल ल्याउने निर्णय गरेको छ । विदेशस्थित नेपाली राजदूतहरुले चार्टर फ्लाइटले कामदारहरुलाई मर्कामा पार्ने भन्दै व्यवसायिक उडान शुरु गर्न आग्रह गरिरहेका छन् ।

## फैलिंदै...

थुनामा राख्ने गरी कारबाही गर्न सक्ने प्रावधान रहेको छ ।

मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माद्वारा जारी विज्ञप्तिमा अहिले कतिपय व्यक्ति सामाजिक सञ्जालबाट निश्चित स्थानमा जम्मा हुन आह्वान गर्ने, जुलुस प्रदर्शन, शान्तिपूर्ण धर्नाका नाममा धेरै व्यक्तिलाई सहभागी बनाउने, ज्ञापनपत्र दिन जाने आदि जस्ता कामका संलग्न भएको बताइएको छ । मन्त्रालयले जारी बन्दाबन्दीको आदेश विपरीत हुने गरी कुनै पनि काम कारवाही नगर्न, नगराउन र कुनै पनि बहानामा संलग्नसमेत सहभागि नहुन सम्बन्धित सबैलाई अनुरोध गरेको छ ।

विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ सङ्क्रमणको जोखिमबाट नागरिकको जीवन रक्षाका लागि मन्त्रिपरिषद्को बैठकले संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी लकडाउन हालसम्म जारी रहेको विज्ञप्तिमा उल्लेख छ ।

मन्त्रालयले आवश्यक काम नपरी हिँडडुल गर्न नहुने, हिँडडुल गर्न वा आवागमन गर्नै पर्ने भएमा पनि न्यूनतम भौतिक तथा सामाजिक दूरी कायम गर्नुपर्ने जनाएको छ । मास्क, स्यानिटाइजर लगायतका सामग्री प्रयोग गर्नुपर्ने, अनावश्यक भिडभाड नगर्ने, नगराउने भनिएपनि यसको प्रतिकूल काम भए गरेको देखिएको उल्लेख छ ।

# सुत्केरी र गर्भवतीलाई पोषिला खाद्य वितरण

**बुटवल, रासस**-बन्दाबन्दी जारी रहँदा बुटवल उपमहानगरपालिकाले विपन्न समुदायका गर्भवती तथा सुत्केरीलाई पोषिला खाद्य सामग्री वितरण गरेको छ । सुत्केरीलाई पोषणको अभाव हुन नदिन सो उपमहानगरपालिकाले खाद्य सामग्री वितरण गरेको हो । आव २०७५/७६ देखि नै नमूना कार्यक्रमका रूपमा उपप्रमुख गर्भवती तथा सुत्केरी भेटघाट कार्यक्रम शुरु भएको थियो ।

जनस्वास्थ्यको हटलाइन सेवासँगै सबै वडालाई लक्षित गरेर विभिन्न ठाउँमा फिवर क्लिनिकसमेत सञ्चालनमा छन् । मातृशिशु, महिला, गर्भवती, बालबालिकादेखि हरेक उमेर समूहलाई लक्षित गरी विश्वसनीय, जवाफदेहीपूर्ण र प्रभावकारी सेवा उपलब्ध गराउन संवेदनशील भएर लागिएको उपमहानगरलिकाका प्रमुख शिवराज सुवेदीले बताए । स्वास्थ्य सुरक्षा प्रबन्धसहित सामाजिक दूरी कायम गरेर नगरका अतिविपन्न समुदायका सुत्केरी तथा गर्भवतीलाई पोषण सामग्री प्रदान गरिरहेको उपप्रमुख गुमादेवी आचार्यले जानकारी दिए । लकडाउनको अवधिमा पनि ८१ जना आर्थिकरूपमा विपन्न तथा श्रमिक गर्भवती तथा सुत्केरीको घरमै पुगेर सेवा दिइएको जनाइएको छ ।

# नेपालले खेल्ने स्कटल्याण्ड ट्राइ सिरिज स्थगित



**काठमाडौं, रासस**-आइसीसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत आगामी जुलाइमा स्कटल्याण्डमा खेल्ने तय भएको ट्राइ सिरिज स्थगित भएको छ । किरोना भाइरसका कारण नेपाल, स्कटल्याण्ड र नामिबियासहितको नवौं चरणको उक्त सिरिज स्थगन गरिएको स्कटल्याण्ड क्रिकेट बोर्डले जनाएको छ ।

उक्त सिरिज आइसीसीले जुलाई ४ देखि ११ तारिखसम्मका लागि तालिका सार्वजनिक गरेको थियो । आइसीसीसितको छलफलपछि स्कटल्याण्ड क्रिकेट सङ्घले सिरिज स्थगन गर्ने निर्णय गरेको हो ।

सहभागी राष्ट्र र आइसीसीसित सहकार्य गरी अर्को तालिका सार्वजनिक गरिने छ । यसअघि अप्रिल २० देखि २७ तारिखसम्म नामिबियामा हुने तय भएको नेपाल, नामिबिया र स्कटल्यान्डबीचको सिरिज तथा जुन ९ देखि १६ तारिखसम्म पपुवा न्यूगिनीमा हुने भनिएको नेपाल, युएई र पपुवा न्यूगिनीबीचको त्रिकोणात्मक सिरिजसमेत स्थगन गरिएको थियो ।

आइसीसी लिग-२ अन्तर्गत सात देशबीच प्रतिस्पर्धा भइरहेको छ । लिगमा नेपालले अहिलेसम्म चार खेल खेल्दै दुईमा जित तथा दुईमा हार व्यहोर्दै चार अङ्क जोडेर छैटौं स्थान बनाएको छ । आइसीसी विश्वकप लिग-२ सन् २०२२ सम्म सञ्चालन हुनेछ ।

लिग-२ मा नेपालसहित अमेरिका, स्कटल्याण्ड, ओमान, युएई, नामिबिया र पपुवा न्यूगिनी छन् । प्रत्येक राष्ट्रले ३६ एकदिवसीय खेल खेल्नेछन् । लिगको शीर्ष तीन टोली सन् २०२३ को विश्वकप क्रिकेटको छनोटमा सोझै स्थान बनाउनेछन् ।

बाँकी चार टोलीले विश्वकप छनोटमा प्रवेश पाउनका लागि फेरी प्लेअफ खेल्नेछन् । उक्त प्लेअफमा लिग-२ बाट आउने चार टोली तथा च्यालेन्ज लिगबाट आउने दुई टोलीले प्रतिस्पर्धा गर्नेछन् । विश्वकप छनोट सन् २०२२ मा आयोजना हुनेछ । विश्वकप छनोटमा सुपरलिगका पुछारका पाँच, लिगबाट आएका तीन तथा प्लेअफबाट आउने दुईसहित १० टोलीले प्रतिस्पर्धा गर्नेछन् ।

विश्वकप छनोटको विजेता र उपविजेता टोलीले सन् २०२३ मा भारतमा आयोजना हुने विश्वकप क्रिकेटमा भाग लिन पाउनेछन् । नेपालले गत माघ तेस्रो साता घरेलु मैदानमा ओमान र अमेरिकासँग विश्वकप लिग-२ को पहिलो त्रिकोणात्मक सिरिज खेलको थियो ।

उक्त सिरिजमा नेपाल ओमानसँग दुवै खेलमा पराजित भएको थियो भने अमेरिकासितको दुवै खेल जितेको थियो । नेपालले हालसम्म खेलेको चार खेलमा दुईमा जित तथा दुईमा हारका साथ चार अङ्क बटुलेको छ । नेपालले लिग दुईअन्तर्गत अब ३२ खेल खेल्न बाँकी छ ।

लिग दुईमा हालसम्म ओमान शीर्षस्थानमा छ । ओमानले खेलेको १० खेलमा आठमा जित तथा दुईमा हारसँगै १६ अङ्क बटुलेको छ । लिगको दोस्रो स्थानमा अमेरिका रहेको छ ।

उसले १२ खेलमा छ मा जित तथा छ मा हारसँगै १२ अङ्क बनाएको छ । यस्तै स्कटल्याण्ड आठ खेलमा चारमा जित तथा तीनमा हारका तेस्रो स्थानमा छ । नामिबिया सात खेलमा चारमा जित तथा तीनमा हारका साथ चौथो स्थानमा छ ।

युएई सात खेलमा तीनमा जित तथा तीनमा हार व्यहोर्दै लिगको पाँचौं स्थानमा छ । नेपाल चार अङ्क बटुल्दै छैटौं स्थानमा छ भने पपुवा न्यूगिनी हालसम्म खेलेका आठवटै खेलमा पराजित हुँदै अङ्कविहीन अवस्थामा छ । आइसीसी विश्वकप क्रिकेट लिग दुई सन् २०२३ मा आयोजना हुने विश्वकपसम्म पुग्ने सिँढी हो । आइसीसी लिग दुई सन् २०१९ को अगस्तदेखि शुरु भएको हो ।

# अफगान राष्ट्रपति वार्ताका लागि दोहा जाने

**काबुल, एजेन्सी**-अफगानिस्तानका राष्ट्रपति असरफ घानी कतारको राजधानी दोहामा हुने भनिएको तालिबानसँगको शान्ति वार्ताका लागि तयार भएको बताएका छन् ।

उनी दोहा वार्ताका लागि तयार भएको अफगानिस्तानका लागि कतारको विदेश मन्त्रालयका विशेषदूतले जानकारी दिएका हुन् ।

अफगानिस्तानका राष्ट्रपति घानी सो वार्ताका लागि तयार रहेको जानकारी विशेषदूत मतलक अल क्वातानीले शुक्रबार जानकारी दिएको समाचारमा जनाइएको छ ।

अफगानिस्तानको राष्ट्रिय मेलमिलापसम्बन्धी उच्चस्तरीय समितिका अध्यक्ष अब्दुल्लाह अब्दुल्लाहसँगको वार्तापछि उनले उक्त वार्तामा जानका लागि अफगानिस्तानका राष्ट्रपति असरफ घानीले सहमति जनाएको जानकारी दिएको विशेषदूत क्वातानीले जानकारी दिए ।

अमेरिकाले अफगानिस्तानबाट हजारौं सैनिक फिर्ता गर्न सहमति जनाउँदै तालिबानसँग शान्ति वार्ताका लागि सम्झौता गरेको थियो । गत फेब्रुअरी महिनामा दोहामा भएको सो शान्ति वार्तासम्बन्धी सम्झौतामा अमेरिका, अफगानिस्तान र तालिबानका तर्फबाट हस्ताक्षर भएको थियो ।

त्यस सम्झौतामा यदि तालिबानले आफ्ना प्रतिबद्धताहरू कायम राखे अमेरिका र नेटोका साझेदारहरूले १४ महिनाभित्र आफ्ना सबै फौज अफगानिस्तानबाट फिर्ता गर्ने बताइएको छ । त्यसबमोजिम अमेरिकाले सैनिक फिर्ता गर्ने प्रक्रिया पनि थालिसकेको छ ।

चार महिना अघि भएको सम्झौतापछि १८ वर्षभन्दा लामो समयदेखि अफगानिस्तानमा जारी रहेको द्वन्द्वको अन्त्य हुने अपेक्षा गरिएको छ । उक्त युद्धको अन्त्य गरेर अफगानिस्तान शान्तितर्फ उन्मुख हुने आशा गरिएका समाचारहरू आइरहेका छन् ।

यसअघि अमेरिकाको व्यापक विरोध गर्दै आएको तालिबान संगठनले पनि दोहा सम्झौताबमोजिम वार्ता गर्न स्वीकार गरेको छ । अब तालिबानहरूले अफगान सरकार र अमेरिकासँग पनि संयुक्त रुपमा वार्ता गर्ने उल्लेख छ ।

सम्झौतामा हस्ताक्षर हुनुअघि अफगानिस्तानमा करिब एक हप्ता लामो युद्धविराम भएको थियो ।


**जगन्नाथ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जुड्डी, बाजुरा**

**प्रारम्भिक वातावरणीय परीक्षण (IEE)कार्य गर्ने बारे सार्बजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०२/३१

यस जगन्नाथ गाउँ कार्यपालिकाको कार्यालय जुड्डी बाजुरा प्रस्तावक रहेको निम्न खोलाको प्रारम्भीक वातावरणीय परिक्षण गर्ने प्रस्ताब गरेको छ । उक्त प्रस्ताव कार्यान्वयन गर्नु पूर्व वातावरणीय संरक्षण ऐन २०५३ तथा नियमावली २०५४ को नियम ७ उपनियम २ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**प्रस्तावकको नाम र ठेगाना** :जगन्नाथ गाउँकार्यपालिकाको कार्यालय, जुड्डी, बाजुरा (वडा नं. १ देखि ६ सम्म)

| सि.नं. | खोलाको नाम | प्रभावपर्ने गाउँपालिका |
|---|---|---|
| १ | कार्णली नदी, वड्डीगाड खोला जुड्डी खोला, भुका खोला लगाएतका खोलानालाहरुबाट ढङगा, गिट्टी, बालुवा लगायत अन्य नदिजन्य प्रकृतिक श्रोत उठान तथा उत्खनन् गर्न । | जगन्नाथ गाउँकार्यपालिकाको कार्यालय जड्डी, बाजुरा (वडा नं. १ देखि ६ सम्म) |

माथि उल्लेखित क्षेत्रहरुमा सामाजिक, भौतिक, आर्थिक, रासायनिक, जैविक, वातावरणमा यस आयोजना कार्यान्वयन कार्यबाट पर्न सक्ने असरको अध्ययन गर्नका लागि आयोजना क्षेत्र भित्र पर्ने विद्यालय, स्वास्थ्य चौकी, तथाअन्य सरोकारवाला व्यक्ति, सघ सस्थाबाट लिखित राय सुझाव दिन आवश्यक भएकोले यो सूचना प्रकाशित मितिले १५ (पन्ध) दिनभित्र निम्न ठेगानामा पुग्ने गरी राय सूझाव उपलब्ध गराई दिनु हुन अनुरोध छ । साथै यसै सूचनालाई आधार मानि सूचना टाँस र सिफारिस पत्र पनि दिन हुन अनुरोध छ ।

**पत्राचार गर्ने ठेगाना**:
जगन्नाथ गाउँ कार्यपालिकाको कार्यालय, जुड्डी बाजुरा
प्रदेश नं. ७, नेपाल
फोन नं. : ९८५११६८५६७

**परामर्शदाता**:
एच.आई. विल्डर्स एण्ड कन्सल्टेन्ट प्रा.लि.
जगन्नाथ गाउँपालिका वडा नं. ०१ काप्री
फोन नं. : ९८४८६४५१४०, ९८६०९३०५७६
Email: info201handik@gmail.com


# अनलाइन पुम्से च्याम्पियनसिप हुने




**काठमाडौं, मस**-अन्तर्राष्ट्रिय खुला मैत्री तेक्वान्दो च्याम्पियनसिप (आइओएफटिसी) को आयोजनामा 'लकडाउन कोभिड-१९ अनलाइन भिडियो पुम्से च्याम्पियनसिप' हुने भएको छ ।

अमेरिकाको पोर्टल्याण्डमा मुख्यालय रहेको आइओएफटिसीले विश्वव्यापी महामारीकारूपमा फैलिरहेको कोरोना भाइरसका कारण विश्वभर खेलकूद गतिविधि ठप्प भएको अवस्थामा दुई चरणमा गरी उक्त अनलाइन प्रतियोगिता गर्न लागेको आइओएफटिसीका संस्थापक एवं प्रतियोगिता निर्देशक दिवाकर महर्जनले जानकारी दिए ।

कोरोना भाइसरका कारण खेलकूद गतिविधि ठप्प रहेका बेला खेलाडीलाई अवसर दिन तथा केही हदसम्म चलायमान बनाउन प्रतियोगिताको आयोजना गरिएको उहाँले बताए यसअन्तर्गत यही जुन २१ देखि २७ तारिखसम्म पहिलो चरणमा 'कलर बेल्ट' प्रतिस्पर्धा हुनेछ । यलो, ग्रिन, ब्लु र रेड बेल्टको प्रतिस्पर्धामा पुरुष तथा महिलातर्फ समान सात/सातवटा प्रतिस्पर्धा हुनेछ ।

यस्तै जुलाई १२ देखि १८ तारिखसम्म ब्ल्याक बेल्टतर्फ दोस्रो चरणमा खेल खेलाइनेछ । पुरुष तथा महिलातर्फ समान ११/११ पदकका लागि खेलाडीबीच प्रतिस्पर्धा हुनेछ । "दुवै चरणको प्रतिस्पर्धा सबैका लागि खुला रहेको छ", निर्देशक महर्जनले भने । डेइडो, युएसए, एभरेष्ट तेक्वान्दो सङ्घ तथा युनिभर्सल युनाइटेड नेप्लिज तेक्वान्दो फेडेरेसन (युयुएनटिएफ) को सहयोगमा हुन लागेको उक्त प्रतियोगितामा करिब २५ देशका खेलाडीको सहभागिता रहने आयोजक संस्थाले जनाएको छ ।

यसका लागि सहभागी खेलाडीले दुई मिनेटभन्दा बढीको श्रव्यदृश्य पठाउनुपर्ने प्रावधान छ । यसरी पठाइएको श्रव्यदृश्यलाई विश्व तेक्वान्दो महासङ्घबाट मान्यता प्राप्त निर्णायक प्यानलले मूल्याङ्कन गरी खेलको नतिजा सार्वजनिक गरिनेछ ।

नेपाली खेलाडीको सहजीकरणका लागि रामचन्द्र व्यञ्जनकार, रजिन सिंह, अर्जुन महर्जन र निरोज गौतम रहेको टोली गठन गरिएको छ । आइओएफटिसीको मुख्य प्रतियोगिता अन्तर्राष्ट्रिय खुला मैत्री तेक्वान्दो च्याम्पियनसिपको १३औं संस्करण कोरोना भाइरसका कारण स्थगित भएपछि आयोजकले अनलाइन प्रतियोगिताको आयोजना गर्न लागेको निर्देशक महर्जनले बताए । उक्त च्याम्पियनसिपको १३औं संस्करण अमेरिकाको मिचिगनमा यसै वर्ष मेमा आयोजना गर्ने तालिका थियो ।

# खेल पत्रकारलाई मास्क र सेनिटाइजर सहयोग



**काठमाडौं, मस**- कोरोना भाईरसको महामारीविरुद्ध लड्नका लागि नेपाल भलिबल संघका सदस्य रोशन श्रेष्ठले नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) का सदस्यहरुलाई मास्क र सेनिटाईजर सहयोग गरेका छन् ।

संघका सदस्य श्रेष्ठले शुक्रबार मञ्चका अध्यक्ष दुर्गा नाथ सुवेदी (देवेन्द्र) लाई एक सय थान केएन-९५ मास्क र एक सय थान सेनिटाईजर हस्तान्तरण गरेका छन् । श्रेष्ठले पुल्चोक इन्जिनियरिङ कलेज अल्मुनाई एसोसिएसन र दावाली मिलन क्लबको तर्फबाट उक्त सामग्री सहयोग गरेको जानकारी गराए ।'कोरोनाविरुद्धको युद्ध सामुहिक भावनाले मात्र जित्न सकिन्छ । फ्रन्ट लाईनमा रहेर अहोरात्र खटिने पत्रकारलाई सुरक्षाको लागि सानो सहयोग गरेका हौं,' श्रेष्ठले भने ।

मञ्चका अध्यक्ष सुवेदीले महामारीकोबीच काममा निरन्तर लागिरहने पत्रकार साथीहरुको लागि प्राप्त सहयोग प्रति धन्यवाद ज्ञापन गरेका थिए ।

श्रेष्ठको पहलमा यसअघि पनि नेपाल चिकित्सक संघलाई पनि एक हजार थान केएन-९५ मास्क सहयोग गरिएको थियो ।


**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सूपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं**
**सडक डिभिजन काठमाडौं, मिनभवन**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०७७/०२/३१)**

यस कार्यालयको मिति २०७६/११/१२, २०७६/११/१५ र २०७६/१२/०५ को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं. क्रमश: २६, २७ र २९।०७६।७७ बमोजिम तपसिलका ठेक्काको लागि म्यादभित्र E-Bidding मार्फत दर्ता भएका बोलपत्रहरुको आर्थिक प्रस्ताव मुल्यांकन गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ (दशौं संशोधन, २०७७) को नियम ३१(ङ) को उपनियम ७ बमोजिम सारभूत रुपमा प्रभावग्राही भएका बोलपत्रहरुमध्येबाट न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही निम्नानुसारको बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन, २०७३) को दफा २७(२) तथा दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम | कवोल अंक रु. (VAT, PS सहित) |
|---|---|---|---|
| RDKTM/337011374/076/77/136 | Rehabilitation of Bramhakhel Gagal Chisapani Road | Kamaljit/RA/Nayayug J/V | 42538136.73 |
| RDKTM/337011374/076/77/138 | Rehabilitation of Chalnakhel Khahare Bosan Champadevi Puspalal Pratisthan Park | Kabindra/RM J/V | 16282156.20 |
| RDKTM/337011374/076/77/139 | Rehabilitation of Triveni Chowk Khahare Indradaha Road | Gauri Ganesh/Krish J/V | 22294100.85 |
| RDKTM/337011374/076/77/140 | Rehabilitation of Panchakanya Indradaha Kalupandey Samadhisthal | Gauri Ganesh/Krish J/V | 22767149.36 |
| RDKTM/337011374/076/77/142 | Rehabilitation of Chandragiri Na.Pa.1,2,12,13 and Nagarjun 7, 8 Jodne Miteri | Kausil Basnet Nirman Sewa Pvt. Ltd. | 28930509.25 |
| RDKTM/337011374/076/77/147 | Rehabilitation of Kirtipur-4 Pipalbot Healthpost Rijal Chowk Machhegaun | Kabindra/RM J/V | 18445702.23 |
| RDKTM/337011374/076/77/161 | Rehabilitation of Dakshinkali Kirtipur Chandragiri Municipality Road | Kamaljit/RA/Nayayug J/V | 19676862.65 |

**डिभिजन प्रमुख**



**Madi Municipality**
**Office Of The Municipal Executive**
**Madi, Sankhuwasabha**
**Province 1, Nepal**

**Invitation for Sealed Quotation**

Date of first Publication : 2077/02/31

1. Madi Municipality, Office Of The Municipal Executive, Madi, Sankhuwasabha invites sealed quotations from registered Suppliers for the supply and delivery of sanitary pad. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office Of The Municipal Executive, Madi, Sankhuwasabha.
2. A complete set of Bidding Documents may be purchased from the Office Of The Municipal Executive, Madi, Sankhuwasabha by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, PAN registration certificate, tax clearence certificate and upon payment of a non-refundable fee of NRs. 1000.00 till 2077/03/13 B.S. during office hours.
3. Sealed bids must be submitted to the Office Of The Municipal Executive, Madi Sankhuwasabha by hand on or before 12:00 noon on 2077/03.14 B.S. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 2077/03.14 B.S at the Office Of The Municipal Executive, Madi Sankhuwasabha. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 25,000.00. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 06007632080034 at Himalayan Bank LTD., Madi Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S.N. | SQ No. | Name of Project | Location | Estimated Cost including VAT |
|---|---|---|---|---|
| 1 | MM/G/SQ/10/076 -77 | Supply & delivery Of Sanitary Pad | Madi Municipality | NRs. 9,15,000.00 |

**Chief Administrative Officer**

# हायर मी नेपालले २५ हजारलाई रोजगार दिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० जेठ

हायर मी नेपालले कोरोना संक्रमणको महामारीका कारण जागिर गुमाएका २५ हजारलाई रोजगारी दिने बताएका छ । नेशनल एकेडेमी फर फाईनान्सीयल सर्भिसेस प्रालि अन्तरगतको हायर मी नेपालले बरोजगार युवालाई रोजगार दिने उद्देष्य लिएको हो । श्रम सुचना बैंकलाई सघाउने उद्धेश्यले हायर मी नेपाल अनलाईन पोर्टल छिटै संचालन गर्न लागिएको कम्पनीले जानकारी दिएको छ। देश र विदेशमा रहेका श्रमिक कामदारले वेबसाईट वा मोबाइल एप्सको माध्यमले आफ्नो सम्पुर्ण विवरण भर्ने र रोजगारदातालाई सोही पोर्टलबाट आवश्यक कामदार सजिलै पाउने गरी रोजगारदाता र रोजगार चाहनेलाई सजिलै भेट गराउने कार्यक्रम कम्पनीले राखेको छ। रोजगारदाता र रोजगारी चाहने बीच काममा लगाउने सहमति भइसकेपछि निजहरूलाई आवश्यक पर्ने तालिम पनि न्यून लागतमा उपलब्ध गराउने गरी कार्यक्रम निर्धारण गरिसकिएको कम्पनीको भनाई छ। श्रावणको पहिलो साताबाट संचालन गर्ने लक्ष्य लिईएको हायर मी नेपाल परियोजनाले एक वर्षमा पाँच लाख र दुई वर्षमा दश लाख श्रमिक र कामदारको अद्यावधिक रेकर्ड राखि पचास हजारलाई रोजगारी दिलाउने कार्यक्रम रहेको जानकारी दिएको छ । परियोजनालाई सातै प्रदेशमा प्रभावकारी रूपमा संचालन गर्नका लागि सम्पर्क कार्यालय खोली श्रावण देखि प्रचार प्रसारको कार्यक्रम गरि बढी भन्दा बढी जनशक्तीलाई समावेश गरीनेछ कम्पनीले जारी गरेको विज्ञप्तीमा उल्लेख छ । कम्पनीले कोरोना संक्रमण र लकडाउनको कारण विश्वव्यापी आर्थिक मंदीबाट करोडौ मानिस बेरोजगार हुने देखिएको भन्दै यसलाई सम्बोधन गर्न यस्तो प्रविधि विकास गर्न बताएको छ । यसै सन्दर्भमा संक्रमणको कारण बिदेशबाट आउने दश लाख, देशमै बेरोजगार भएका दश लाख र अन्य पाँच लाख समेत न्यूनतम पचीस लाख जनशक्तीलाई रोजगारी दिने चुनौती सरकार सामु आइसकेको छ। सरकारले आ.व २०७७र७८ को निति कार्यक्रम तथा बजेटमा समेत स्थानिय स्तरमा रोजगार सेवा केन्द्र स्थापना गरी उपलब्ध श्रमिक तथा कामदारको योग्यता, सिप र क्षमता अनुसार काम उपलब्ध गराउन 'श्रम सूचना बैंकको' अवधारणा सार्वजनिक गरेको छ ।स्थानीय रोजगार सेवा केन्द्रले रोजगार दाता र रोजगारीको खोजिमा रहेकाहरू बिचमा सम्पर्क स्थापित गरी रोजगारी प्राप्तीमा सहयोग गर्ने मूल लक्ष्य लिएको देखिन्छ । सरकारको यही कार्यक्रममा सहयोग पुर्याउने उद्धेश्यले नेशनल एकेडेमी फर फाइनान्सीयल सर्भिसेस प्रा. लि. ले हायर मी नेपाल परियोजना संचालन गर्न गइरहेको छ । रोजगारदातालाई चाहिएको जनशक्ती पाउन महंगो विज्ञापन गर्नुपर्ने, परिक्षा, अन्तरवार्ता र छनोटको लामो प्रक्रिया संचालन गर्नुपर्ने तथा सिप र क्षमता भएका रोजगारी चाहनेलाई उपयुक्त ठाँउमा पुग्न नसकेको अवस्था छ ।समयमा चाहेको रोजगारी नपाउदा विदेश पलायन हुनु पर्ने वाध्यता छ । अर्को तिर रोजगारदाताले चाहेको उम्मेदवार नपाएको अवस्था छ ।

# निकासी प्रवर्द्धन गर्न नयाँ कानून ल्याइँदै

**काठमाडौं/मस**-सरकारले स्वदेशी श्रम तथा सीप र कच्चा पदार्थ प्रयोग गरी उत्पादित वस्तुको निकासी प्रोत्साहन गर्ने लक्ष्यका साथ नयाँ कानून प्रस्ताव गरेको छ । सङ्घीय संसद् सचिवालयमा दर्ता भई हाल सांसदहरुलाई वितरण गरिएको 'निकासी पैठारीसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक'मा व्यापार घाटा घटाउने लक्ष्यका साथ निकासीलाई विशेष प्राथमिकतामा राखिएको छ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले संसद्मा पेश गरेको सो विधेयकलाई ' निकासी पैठारी (नियमन) ऐन, २०७६' नाम दिइएको छ । स्वदेशी सीप र कच्चा पदार्थ प्रयोग गरी उत्पादित वस्तु वा त्यस्तो वस्तुसँग सम्बद्ध सेवाको निकासीलाई प्रोत्साहन गर्न सरकारले त्यस्ता वस्तु वा सेवाको निकासीमा विशेष सुविधा तथा सहुलियत प्रदान गर्ने विषयलाई प्रस्तावित विधेयकले प्रमुख प्राथमिकतामा राखेको छ ।

सरकारले प्रदान गर्ने सुविधा वा सहुलियतसम्बन्धी व्यवस्था भने नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिम हुने प्रबन्ध गरिएको छ । नेपालमा उत्पादन भएका वस्तु स्थानीय बजारबाट खरिद, सङ्कलन, प्रशोधन वा प्याकेजिङ गरी निकासी गर्ने प्रयोजनका लागि सरकारले निर्यात गृह स्थापना गर्न वा गराउन सक्ने व्यवस्थासमेत विधेयकमा गरिएको छ ।

निकासी हुने वस्तुको सरकारले उत्पत्तिको प्रमाणपत्र जारी गर्नेछ । मन्त्रालय मातहतको कुनै निकाय वा प्रचलित कानूनबमोजिम स्थापित संस्थाले उत्पत्तिको प्रमाणपत्र जारी गर्न सक्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था विधेयकमा छ । विधेयकले निकासी प्रवर्द्धन कोष स्थापना गर्ने व्यवस्था गरेको छ । निकासी प्रोत्साहन एवं प्रवर्द्धन गर्न स्थापना हुने कोषले आवश्यकताअनुसार रकमसमेत उपलब्ध गराउने र कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

विधेयकले निकासी वा पैठारीमा केही वस्तुमा भने रोक लगाउन सक्ने प्रबन्ध गरिएको छ । त्यसमा लोपोन्मुख जीवजन्तु, पशुपक्षी, वनस्पति तथा प्राकृतिक स्रोत, कालात्मक ऐतिहासिक, पुरातात्विक वा सांस्कृतिक महत्वका वस्तु एवं सम्पदा रहेका छन् ।

विदेशी व्यक्तिबाट कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ प्राप्त गरी कुनै वस्तुको आंशिक वा पूर्णरुपमा निर्माण, उत्पादन, प्रशोधन वा डिजाइनमा परिवर्तन गरी तयार भएको वस्तु पुनः सोही विदेशी व्यक्तिलाई वा त्यस्तो व्यक्तिले तोकेको अन्य व्यक्तिलाई तोकिएबमोजिम प्रक्रिया पूरा गरी निकासी गर्न सक्ने व्यवस्था गरिएको छ ।

निकासी गर्दा नेपाल तथा सम्बन्धित मुलुकबीच व्यापारसम्बन्धी सम्झौता भएको त्यस्तो सम्झौताको प्रतिकूल नहुने गरी निकासी गर्नुपर्ने छ ।

विधेयकमा कुनै मुलुकबाट पैठारी गरिएको वस्तु नेपालको कुनै भन्सार क्षेत्र वा सुक्खा बन्दरगाहमा राखी अर्को मुलुकमा तोकिएको अवधिभित्र निकासी गर्न सकिने छ ।

सङ्केत नम्बर नदिई कुनै पनि वस्तुको निकासी गरेमा, इजाजत नलिई वगा बन्देज लगाइएको वा नियन्त्रणमा गरिएको वस्तु वा सेवाका निकासी गरेमा कारवाही हुने व्यवस्था विधेयकमा गरिएको छ ।

विधेयकले रु १० लाखदेखि रु एक करोडसम्मको कारवाही एवं एक वर्षदेखि पाँचसम्म कैद हुन सक्ने प्रबन्ध गरेको छ । गलत विवरण पेश गरी इजाजतपत्र नलिई निकासी गरेको पाइएमा सम्बन्धित अधिकारीले कैद तथा जरिवाना गर्न सक्ने व्यवस्था विधेयकले गरेको छ ।

# खुले पसल छैनन् ग्राहक



**शर्मिला पाठक-रासस**
काठमाडौं, ३० जेठ

असन, इन्द्रचोक, न्यूरोड, वसन्तपुरलगायत काठमाडौँका भित्री क्षेत्रमा लगभग सबै पसल सञ्चालनमा आएका छन् । त्यहाँ पुग्दा लाग्छ बन्दाबन्दीको धेरै असर छैन, पूर्णरूपमा जनजीवन सहज भइसकेको छ ।

पसल पूर्ववत् खुलेका छन् । सावधानीमा ध्यान दिइएको छैन । सामान खरिद गर्न आएका उपभोक्ताले नै सावधानी अपनाएको देखिन्छ । मानिसको आवत जावत देख्दा अत्यावश्यक कामका लागि मात्र होइन समान्यरुपमा घुमफिरका लागि पनि बाहिर निस्केका छन् । कतिपयले त सामान्य मास्क पनि लगाएको देखिँदैनथ्यो । बन्दाबन्दी जारी हुनुपूर्व अघि जस्तै गरी मानिसको आवत जावत छ । सरकारले कोभिड-१९ को सङ्क्रमण रोक्न झण्डै ८० दिनदेखि लागू गरेको बन्दाबन्दीको आदेशलाई बिहीबारदेखि केही खुकुलो बनाएसँगै भीडभाड बढेको हो। लामो समयदेखि कायम रहेको बन्दाबन्दीका कारण आर्थिक क्रियाकलापसँगै सर्वसाधारणको जनजीवनमा नै असर परेकाले त्यसलाई सामान्य बनाउन बन्दाबन्दीलाई केही खुकुलो बनाइएको हो। जोखिमलाई मध्यनजर गरी कतिपय सेवामा लगाइएको प्रतिबन्धलाई अझै कायमै राखिएको छ।

तर नागरिकले यस कुराको व्यवस्था गरी बिना प्रवाह सडकमा देखिन्छन्। यसले जोखिम बढाउने भन्दै पूर्णरूपमा सावधानी अपनाएर मात्र सञ्चालन गर्नुपर्ने सरुवा रोग विशेषज्ञ डा अनुप बाँस्तोलाको भनाइ छ । उहाँका अनुसार नागरिकको जनजीवन सहज बनाउनका लागि बन्दाबन्दीलाई केही सहज बनाउन प्रयास गरिए पनि भाइरसको जोखिम अझै कम भएको छैन, हरेक दिन बढ्ने क्रम जारी छ, त्यसैले उच्च सावधानीको साथ मात्र व्यसाय सञ्चालन गर्न आवश्यक छ।

भाइरस तत्काल नहट्ने र काठमाडौँ उपत्यकालाई थप सुक्षित राख्ने हो भने बाहिरबाट आउने मानिसको आवागमनलाई पूर्णरूपमा रोक लगाउनुपर्ने र नागरिक आफैं सचेत भई सावधानीपूर्णरूपमा बाहिर निस्कने अनावश्यकरूपमा नजाने जस्ता आधारभूत मापदण्डलाई पालना गर्नुपर्ने उहाँको भनाइ छ।

सरकारले सवारी साधन सञ्चालनमा जोर, बिजोर प्रणाली लागू गरेपछि उपत्यकामा सवारी चाप पनि बढेको छ । त्रिपुरेश्वर, थापाथली, बानेश्वर, जमललगायतका ठाउँमा सवारी चाप अत्यधिक बढेको देखिन्छ। सरकारले सर्वसाधारणको बढी उपस्थिति हुने स्थान तथा सार्वजनिक सवारी सञ्चालनका हकमा भने हालकै अवस्थालाई कायम राखिएको छ । गत बुधबार बसेको मन्त्रिपरिषद्को निर्णयअनुसार स्वास्थ्यसँग सम्बन्धित सबै सेवा, सबै प्रकारका कृषि तथा पशुपक्षी व्यवसाय, उद्योग व्यापार, व्यवसाय, पसल, डिपार्टमेन्ट स्टोर, सबै प्रकारका ढुवानी, भौतिक दूरी कायम गर्दै भीडभाड नहुने गरी पैदल आवागमन, साइकल र मोटरसाइकल (एकजना मात्रै चढ्ने गरी) सञ्चालन गर्न पाइने छ।

सरकारले मानिसको बढी भीडभाड हुने र सहभागिता बढी हुने क्षेत्रको हकमा भने हालको व्यवस्थालाई नै कायम गरेको छ । त्यस्तो सेवा सञ्चालन गर्न पाइने छैन । जसअनुसार शैक्षिक संस्था, अनुमतिप्राप्तबाहेकका अन्तर्राष्ट्रिय र आन्तरिक उडान, तोकिएका बाहेकका अन्तर्राष्ट्रिय सीमानाकाबाट हुने आवागमन, सबै प्रकारका तालिम, सेमिनार, सभा, गोष्ठी र भेलालगागतका काम गर्न पाइने छैन।

सरकाले आगामी असार १ गतेदेखि लागू हुने गरी केही सेवा सञ्चालन गर्ने निर्णय पनि गरेको छ । विभिन्न कार्यालयको सेवा भने दुई सिफ्टमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ। बैंक, वित्तीय संस्था, सहकारी, बीमा सेवा असार १ गतेबाट मात्रै सञ्चालन हुनेछन्।

# आज पनि बैंकहरु खुल्ने




**काठमाडौं/मस**-नेपाल राष्ट्र बैंकले आज पनि बैंकहरु खुला राख्न निर्देशन दिएको छ । एक सूचना जारी गर्दै राष्ट्र बैंकले राजस्व उठौतिमा सहजता प्रदान गर्न क, ख र ग बर्गका बैंकहरु खुला राख्न निर्देशन दिएको हो । करदाताहरुले बुझाउने कर सहज रुपमा बुझ्ने व्यवस्था गर्नका लागि सार्वजनिक विदालगायतमा पनि बैंकहरु खोल्न निर्देशन दिएको हो । यस्तो बेलामा बैंकले आफ्ना शाखाहरु तथा क्लियरिङ काउन्टरहरु संचालन गर्नुपर्ने राष्ट्र बैंकले जारी गरेको विज्ञप्तीमा उल्लेख छ।

# रक्तदान गरेर विज्ञापन संघले मनायो वार्षिकोत्सव



**काठमाडौं, मस**- नेपाल विज्ञापन संघ (आन)ले शुक्रबार ३०औं वार्षिकोत्सव मनाएको छ। आनले आफ्नो वार्षिकोत्सवको उपलक्ष्यमा नेपाल मेडिसिटी अस्पतालसँगको सहकार्यमा सचिवालय परिसर शान्तिनगरमा रक्तदान कार्यक्रम आयोजना गरेको थियो ।

कार्यक्रममा काठमाडौँ महानगरपालिका वडा नं ३१ का वडा अध्यक्ष नारायण प्रसाद भण्डारीले रक्तदान कार्यक्रमको सफलताको कामना गर्दै कार्यक्रमको उद्घाटन गरेका थिए । उनले आनले कोविड-१९ का कारण असहज परिस्थितिका बिच पनि रक्तदान जस्तो महत्वपूर्ण कार्यक्रमको आयोजना गरी आफ्नो सामाजिक दायित्व पूरा गरेकोमासंघको प्रशंशा गरेका थिए ।साथै योगिक समाज नेपालका अध्यक्ष पुरुषोत्तम अधिकारीले पनि योग ध्यान र खानपानमा ध्यान पुऱ्याउनसके कोविड-१९बाट जोगिनका लागि सहज हुने बताए । कार्यक्रममा आलोक नगर समाजका अध्यक्षको पनि सहभागिता रहेको थियो। आनका अध्यक्ष रबिन्द्र कुमार रिजालले कोविड १९ को विच पनि जनहितका यस्ता कार्यक्रम गर्न पाउँदा आफूलाई खुशी लागेको बताए । कार्यक्रममा आनका वर्तमान पदाधिकारी तथा सदस्य र एड क्लब अफ नेपालका पदाधिकारी एवं विज्ञापन व्यवसायसँग सम्बन्धित विभिन्न साझेदारहरूको पनि उपस्थिति थियो। कार्यक्रमको सहजीकरण महासचिव राजु कुइकेलले गरेका थिए बार्षिकउत्सबको अबसरमा गरिएको रक्तदान कार्यक्रममा ३० पिन्ट रगत संकलन भएको कार्यक्रम संयोजक पिताम्बर पोखरेल 'विजय'ले जानकारी दिए।

# प्रोग्रेशिभ फाईनान्सका ऋणीलाई कर छुट

**काठमाडौं/मस**-प्रोग्रेशिभ फाइनान्सले आफ्ना ऋणीहरुलाई असार मसान्तसम्मको कर्जाको ब्याज दरमा २ प्रतिशतसम्म छूट दिएको छ । फाइनान्सले कोभिड १९ को महामारीका कारण विश्व अर्थतन्त्रमा देखिएको मन्दी तथा नेपालमासमेत कोरोनाको असरबाट देखिएको आर्थिक संकटलाई मध्यनजर गर्दै सर्वसाधारण जनतालाई केही राहत होस भन्ने उद्देश्यले सम्पूर्ण कर्जाको ब्याज दरमा २ प्रतिशतले छूट दिइएको जानकारी दिएको हो । प्रमुख कार्यकारी अधिकृत विशाल हुमागाईंले वित्तीय संस्थाको यस कदमले देशको अर्थतन्त्र कमजोर रहेको अवस्थामा केही योगदान पुर्याउने प्रयास स्वरुप २ प्रतिशत ब्याजदर छुट दिएको बताए। सम्पूर्ण कर्जामा दिइएको २ प्रतिशत ब्याजदर छूटबाट संस्थाप्रति ग्राहकको विश्वास, भरोशा तथा माया अझ प्रगाढ हुदैजाने फाइनान्सको विश्वास रहेको छ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु
ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी
नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।
कसरी आफू बच्ने र अरुलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
मध्यान्ह Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
* कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
* टोनर कार्टेज रिफिल,
* CCTV, EPABX बिक्रि तथा मर्मत,
* अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
* कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**